स्थानीय सरकार

# गैडहवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं.:

## जलवायु तथा कार्बन वित्त कार्यक्रममा गाउँपालिकाको सहभागिता र निजी क्षेत्रबाट अभिरुचि आह्वान सम्बन्धी सूचना

यस गाउँपालिकाको मिति २०८२/१०/ २९ गतेको पत्राचार तथा "जलवायु वित्त परिचालन कार्यविधि, २०८२", राष्ट्रिय तथा स्थानीय जलवायु सम्बन्धी नीति, योजना र कार्यक्रमको मर्मअनुसार, यस गाउँपालिकाले Yeti Airlines तथा Chyau Bio Technologies Pvt. Ltd. सँग सहकार्यमा जलवायु तथा कार्बन वित्त कार्यक्रममा सहभागी हुने निर्णय गरेको व्यहोरा सबैमा जानकारी गराइन्छ।

यस कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सञ्चालन हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन/न्युनिकरण सम्बन्धी परियोजनाहरू :

- सम्बन्धित जलवायु/कार्बन फन्ड वा प्रोजेक्टका कार्यविधि, नियम, मापदण्ड तथा MRV (Measurement, Reporting and Verification) सम्बन्धी प्रावधानहरू National MRV framework 2025 अनुसार, र
- नेपाल सरकार तथा यस गाउँपालिकाका प्रचलित कानून, नीतिनियम, योजना तथा कार्यक्रमहरू अनुसार सञ्चालन गरिनेछ।

जलवायु/कार्बन कार्यक्रम अन्तर्गत योग्य परियोजनाहरूबाट उत्पन्न हुन सक्ने कार्बन क्रेडिट/जलवायु वित्त स्थानीय तह सम्म प्रवाह हुने व्यवस्था गरिनेछ, जसको प्रयोग जलवायु वित्त परिचालन कार्यविधि, २०८२ तथा सम्बन्धित योजना कार्यक्रम अनुसार केवल जलवायु सम्बन्धी काममा मात्रै हुनेछ।

**सो सन्दर्भमा, यस गाउँपालिकाको क्षेत्र भित्र क्रियाशील निजी क्षेत्रका व्यवसायिक संस्थाहरूलाई तलको QR कोड स्क्यान गरी जलवायु तथा कार्बन वित्त कार्यक्रममा सहभागी हुन अभिरुचि (Expression of Interest) पेश गर्न यस सूचना मार्फत खुला आह्वान गरिन्छ।**

कार्यक्रममा सहभागी निजी क्षेत्रका व्यवसायिक संस्थाहरूले निम्न कुराहरूमा सहकार्य गर्नुपर्ने हुनेछ:

- गाउँपालिकासँग समन्वय गरी आफ्नो व्यवसायबाट सम्बन्धित सामग्री, सेवा तथा गतिविधि सम्बन्धी आवश्यक डेटा/सूचना उपलब्ध गराउने,
- कार्यक्रम अन्तर्गत कार्बन लेखा–जोखा तथा डिकार्बोनाइज्ड रेट (Decarbonized Rate) विश्लेषण कार्यका लागि प्राविधिक सँग समन्वय गर्ने,
- प्राप्त प्राविधिक प्रतिवेदन, डिकार्बोनाइज्ड रेट शीट तथा कार्बन लागत विवरणको आधारमा जलवायु/कार्बन परियोजनामा सहभागी हुने।

रोमनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# गैडहवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, बिठ्ठपुरा, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं.:

- कार्यक्रमको डिजाइन, परियोजना छनोट तथा लाभ वितरणका सबै प्रक्रियाहरू कार्बन व्यापार नियमावली, २०८२ बमोजिम हुने छ ।
- कार्यक्रमको डिजाइन, परियोजना छनोट तथा लाभ वितरणका सबै प्रक्रियाहरू जलबायु वित्त परिचालन कार्यविधि,२०८२ बमोजिम हुनेछ ।

अभिरुचि (EOI) दर्ता गर्ने प्रक्रिया:

- यस कार्यक्रम अन्तर्गत सहभागिता जनाउन इच्छुक संस्थाले फारम पेश गर्नु अघि वा साथ-साथै गाउँपालिकाद्वारा तोकिएको फोकल पर्सनसँग अनिवार्य रूपमा सम्पर्क गरी आवश्यक समन्वय तथा स्पष्टिकरण लिनुपर्नेछ। उक्त सम्पर्क नगरेको अवस्थामा आवेदन प्रक्रियामा समावेश गरिने छैन।
- फारम रोलिङ आधारमा जुनसुकै समयमा दर्ता गर्न सकिनेछ। तर परियोजना सम्पन्न हुनुभन्दा कम्तीमा ६ महिना अगावै आवेदनको प्रमाणीकरण सम्पन्न भइसकेको हुनुपर्नेछ।

थप जानकारीका लागि:

फोकल व्यक्ति: रमपत मल्लाह<br>
कर्मचारी प्रशासन शाखा ,<br>
गैडहवा गाउँपालिकाको कार्यालय,<br>
फोन/इमेल: ९८५७०१६१५९,९८४३२११६२८,९८११४४४१७

रोमनाथ न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत